चर्या होइन, न त यसले चरित्रलाई चौतर्फी विकास गर्न मद्दत दिन सक्दछ, जसरी साधारणतया वैवाहिक जीवनले प्रदान गर्नसक्दछ।

"येशुका वचनहरू जसरी मत्ती १९:१२ मा दिइएको छ, अक्षरशःमा लियो भने सम्पूर्ण बाइबलको आशय विपरीत हुन सक्दछ। आफ्नो शरीरलाई अङ्गभङ्ग गर्नु वीभत्समय र घृणास्पद कार्य हो। येशुको यो भनाइलाई र मत्ती ५:३० लाई (जहाँ दुःख दिने अङ्गलाई काटेर पठाउनुपर्छ भनिएको छ) दृष्टान्तका रूपमा हेर्नु उपयुक्त हुन आउँछन्।"-*द एसडीए बाइबल कमेन्टरी,* ठेली ५, पृ. ४५५,४५६।

**चिन्तनमनन**

क. ब्रह्मचर्य वा अविवाहित जीवन बिताउने धारणा विशेष गरेर धार्मिक संस्कारलाई ध्यानमा राखेर उल्लेख गरिएको हो। तर धर्म कमाउन यस्तो अविवाहित जीवन अपनायो भने जानेर वा नजानेर होस्, सर्वसाधारण इसाईहरू निरुत्साही हुनसक्दछन्। किनभने विधवा वा विधुर भएर वा अरू कुनै कारणले एक्लो बस्नुपर्ने बाध्यता आफू खुसी नहुन सक्दछ, जसले गर्दा परमेश्वरको विश्वासमा आँच आउन सक्दछ। तर कसैले आफू खुसी विवाह नगरी बस्न चाहन्छ र त्यसलाई धार्मिक प्रयोजनमा समर्पण पनि गर्न सक्दछ। यस्तो रोजाइमा पर्ने मानिसप्रति हामीले कसरी ऐक्यवद्धता जनाउन सक्दछौं।

ख. के क्षमाशीलताको सिमाना हुन्छ? विश्वासीहरू बीच छलफल गर्नुहोस्।

ग बाइबलमा भनिए अनुसार हाम्रो जीवनमा चाहे परिवारकै अगाडि किन नहोस् परमेश्वरले प्राथमिकता पाउनुपर्छ भन्ने धारणामा विश्वास गर्नु एउटा हो भने त्यसलाई व्यवहारमा विश्वासपूर्वक उतार्नु अर्को कुरा हो। संसारका कतिपय चर्चहरूमा यस्ता विश्वासीहरू हुनसक्दछन् जो येशुमा विश्वास गरिएका कारण घरबाट निकालिएको होलान् वा परिवारबाट तिरस्कृत भएका होलान्। तपाईंको आफ्नै चर्चको हालत कस्तो छ? के तपाईंको चर्चमा कोहि यस्ता छन् जसले विश्वासका कारण परिवार गुमाउनुपरेको छ? तपाईं, जो चर्चपरिवारको सदस्यका हैसियतले यस्ता विश्वासीहरूलाई कसरी सरोकार देखाएर उनीहरूको जीवनमा हौसला प्रदान गर्न सक्नुहुन्छ?





# येशुका चुनौतीपूर्ण अभिव्यक्तिहरू

**यस अध्यायका निम्ति पढ्नुहोस्:** मत्ती ५:४८, १८:२१,२२, १९:३-१२, लुका १२:३२-३४, युहन्ना १९:२५-२७

**स्मरण गर्नुपर्ने पद:** "यस मानिसले जस्तो त कुनै मानिसले कहिल्यै बोलेन" युहन्ना ७:४६।

येशुले व्यक्त गर्नुभएका विचारहरूले उग्रसुधारवादीको सङ्केत दिएको पाउँछौं किनभने उहाँका कतिपय अभिमतहरू त्यस ताका मानिसहरूका लागि असमान्य वा अस्वाभाविक थिए। उहाँका विचारहरू वर्तमान संसारमा पनि चुनौतीपूर्ण नै भइरहेको पाउँछौं, किनभने उहाँ चाहनुहुन्थ्यो मानिसहरू जरैदेखि रूपान्तर भएर उनीहरूमा आमूल परिवर्तन होस्। उहाँले भन्नुभयो, कसैले हामीलाई एक गालामा हिर्कायो भने, अर्को गाला पनि थापिदिनु रे ! कसैले हामीप्रति दुष्ट व्यवहार गरेको छ भने, त्यसको प्रतिकार नगर्नु रे ! अन्याय सहनु पाप हो भन्ने जनमानसको धारणा विपरीत उहाँका वचन त ठाडो उग्रसुधारवादी नै हुन किनभने आजको परिवर्तनशील समाजमा सबैले दुष्ट, खराब, अत्याचारी, निरंकुश आदिलाई सखाप पार्नुपर्छ भनेर सबैले अभियान चलाइरहेको पाउँछौ। दानवी स्वभाव भएको मानिसलाई सकेसम्म हरतरहबाट सङ्घर्ष गर्नु पर्दछ भन्ने सवैले विश्वास गर्दछन्। के रे? हाम्रा बैरी वा शत्रुहरू जसले हरदम हाम्रो विनाश सोच्दछन्, तिनीहरूलाई माया गर्नु रे? उनीहरूलाई स्नेह देखाउनु? उनीहरूलाई प्रेम गर्नु? यो कस्तो प्रेमवाद हो, के शत्रुहरूलाई हामीले घृणा गर्नुपर्छ होइन र? हाम्रा साथीहरू, हाम्रा हितैषीहरू र हाम्रा परिवार र त्यस घरानाकालाई मात्र माया गर्नुपर्छ होइन र? यो सर्वमान्य कुरा हो, तर येशुका लागि होइन।

अझ अन्यौलता त झन बढेको पाउँछौं। येशुका अनुसार समाजबाट वहिष्कृत, तिरस्कृत, चरित्रहीन स्त्री वा पुरुषहरू, भ्रष्टाचारी,

पापी, अधर्मीहरू जस्ता मानिसहरू त स्वर्गमा, धर्मात्मा भनी कहलाउनेलाईउछिन्नेछन् रे!यो कसरी? दयावन्तहरू र मन शुद्ध हुनेहरू धन्य हुन् रे, किनभने उनीहरूले आशिष् पाउनेछन्! ए, धनी, सम्पन्न र बलवान मानिसहरू र जसका धेरै साथीमित्रहरू हुनेहरूले कस्तो आशिष् पाएकाछन् भनेर हेरेको अवस्थामा येशुले त ठ्याक्क उल्टो कुरा पो गर्नुभयो!

यद्यपि, उहाँका मुखबाट निस्केका ती वचनहरू त्यस्तो एकदम चुनौतीपूर्ण भएको पाउँदैनौं। यस अध्यायमा येशुका केही अभिमतहरूलाई केलाएर हेर्न खोज्नेछौं किनभने ती व्यक्त गरेका कुराहरू येशुले दिनुभएको शिक्षा नै हो भनेर शैक्षिक स्तरमा भन्न सकिँदैन।

उहाँका वचनहरूले येशुले के भन्न खोज्नुभएको छ? र ती वचनहरूलाई हाम्रो जीवनमा अपनाएर कसरी परिचालन गर्ने? के त्यो लिखतमै मात्र सीमित छ त?

## १, दाम्पत्य र संयमशील वा अवैवाहिक जीवन

कतिपय येशुका अप्ठ्यारा वचनहरूमा, वैवाहिक जीवन र पारपाचुके सम्बन्धी सोधेका प्रश्नमा आधारित उहाँका मन्तव्य पनि हो। मत्ती १९:३-१२ पढ्नुहोस्। के कुराहरू स्पष्ट छन्? के कुराहरू बुझ्न कठिन छन्? यसमा केही कुरामा स्पष्टता नदेखि एतापनि येशुले के सारभूत सन्देश दिन खोज्नुभएको छ? बर्तमान संसारमा उहाँका वचन कत्तिका सान्दर्भिक छन्?

यी पदहरूमा धर्मशास्त्रका प्रखर पण्डित फारसीहरूका जिज्ञासाहरूलाई पचाउन सक्ने क्षमतालाई आह्वान गरेको पाउँछौं। उदाहरणस्वरूप उनीहरूले पुरुष-केन्द्रित यस्ता प्रश्न गरेका थिएः “के कुनै र जुनसुकै कारणले आफ्नी पत्नीलाई त्याग्नु न्यायसम्मत छ?" (पद ३) येशुको जवाफमा स्पष्ट रूपमा छैन भनेर देखाउनु भएको छ (पद ४-६)। तर प्रश्नकर्ताको भित्री मनसाय पद ७ ले देखाउँछः “त्यसोभए, मोशाले किन पुरुषले आफ्नी श्रीमतीलाई सम्बन्धविच्छेदको प्रमाणपत्र दिएर घरबाट निकालिदिनू भनेका छन् त? आफूलाई मोशाको घेरामा सीमित नराखी श्रीमानश्रीमतीका बीचमा एकता कायम होस् भनेर येशुले यस्ता कठोर निषेधाज्ञा दिए जुन अलिकति वहानामा आफ्नी पत्नीलाई त्याग्ने



ठान्नुको अर्थ कम माया गर्नु भनेर बुझ्नुपर्दछ।-एसडिए बाइबल कमेन्टरी ठेली ५, पृ. ८११। येशुले खास के भन्न खोज्नुभएको हो भने हाम्रो जीवनमा परमेश्वरलाई प्राथमिकता दिनुको महत्त्व के हो?

प्रायजसो हाम्रो पारिवारिक बन्धन संसारको अति मजबुत बन्धन हो र यो हुनु पनि पर्दछ। यद्यपि हाम्रो जीवनमा किन सधैं परमेश्वरले नै प्रथम स्थान ओगट्नु पर्दछ, हुनसक्छ चाहेको खण्डमा त्यस स्थानलाई परिवारले पनि उछिन्न दिनुहुन्न?

## उपसंहारः

अरू जानकारीका लागि अलग प्रकारले लियो भने येशुका कति कथनहरू बुझ्न कस्तो कठिन छ भन्ने कुरामा द्विमत हुन सक्दैन। तर यदि हामीले उहाँका भनाइलाई कुन सन्दर्भमा भन्नुभएको हो र त्यस्तै भनाइलाई अरू समानान्तर पदहरूमा दाँज्यौं भने उहाँका कथनहरू सन्तुलनता देख्दछौ र बुझ्न पनि सजिलो हुन्छ। फेरि येशुलाई देखावटी रूपमा वा आधा मनले पछ्याउन सक्दैन भन्ने विश्वास गर्‍यौं भने उहाँका वचनहरू अझ स्पष्ट हुन सक्दछन्। येशुलाई पछ्याउनु भनेको कुनै मध्यम मार्ग अपनाउनु होइन, कि त उहाँलाई जुनसुकै मूल्य चुकाउनु परेतापनि सम्पूर्ण हृदयले पछ्याउनु वा उहाँलाई पछ्याउन आफूलाई समर्पण नगर्नु।

“अविवाहित वा ब्रह्मचर्य जीवन सामान्य वा स्वाभाविक अवस्था होइन। यो मानिसलाई अरू भन्दाआफू शुद्ध, पवित्र वा उच्च आध्यात्मिक मार्गमा छु भन्ने भावना दिलाउने सैतानको भ्रमोत्पादक छल हो। यो जीवन बिना मानिस परमेश्वरको नजिक हुनसक्दैन भन्ने धारणाले सर्वसाधारण मानिसलाई हतोत्साह गर्ने काइदा हो। यहुदीहरूले यस्तो जीवनलाई निको मानेर हेर्दैनन् र दुर्भागय वा विस्मात्को रूपमा लिँदैछन्। यो जीवन पद्धति केवल अति सन्यासी समूह जस्तै एसेन्सले मात्र अपनाउँछन्। बाइबलले स्पष्ट रूपमा भन्दछ पत्रुस विवाहित थियो र अरू चेलाहरू पनि विवाहित नै थिए भन्न सकिन्छ। कहिल्यै पनि चाहे इसाईहरूलाई होस् वा इसाई अगुवाहरूलाई होस् येशुले ब्रह्मचर्य वा अविवाहित जीवन बिताउन न त सल्लाह दिनु भएको छ न त त्यस जीवनलाई प्रशंसनीय भनेर उल्लेख गर्नुभएको छ। यो स्वाभाविक जीवन

येशुले भन्नुभएका देहायका यी पदहरू पढ्नुहोस्:: मत्ती १०:३४-३७, १२:४६-५०, लुका ९:५९-६२, १२:४९-५३, १४:२६।

उपर्युक्त पदहरूले आकर्षित र चुम्वकीय प्रभाव भएका डेभिड कोरेशजस्ता मानिसहरूलाई स्वाभाविक परिवारिक सम्बन्ध र उनीहरूप्रति गर्नुपर्ने जिम्मेवारीबाट हट्न आफ्ना अनुयायीहरूलाई चित्त बुझाउन र सान्त्वना दिन मद्दत गर्छ भन्ने दावीलाई तपाईंले के भन्नुहुन्छ?

"स्वर्ग र पृथ्वीको दोसाँधमा रहेर पारिवारिक मूल्य मान्यताको रूपरेखा बदल्ने धारणा, लुकाको सुसमाचारको मुख्य बुँदा रहेको देखाउन खोजेको छ। यदि परमेश्वरका सत् सन्तान हुन योग्य हुनु छ भने (लुका ८:१९-२१, ११:२७ आदि) यस्ता र अरू अस्विकार्य कथनहरू बाहेक लुकाको येशुले अझ यस्तो आघात पुऱ्याउने निर्देशनले त झन् झट्का नै हानेको पाउँछौं, 'आफ्ना आमाबाबुलाई घृणा गर रे ! मुर्दा पिताको चिहान आफै खनून रे!' जब एक जना चेला उहाँका पछि लाग्छुभन्दा यस्तो सर्त येशुले राख्नु भएको थियो (लुका ९:५७-६२, १४:२५)।"- एफ. स्कट स्पेनसर, *ह्वाट डिड जीसस डु?* हारिसबर्घ, पेनसेल्भेनिया, ट्रिनीटी प्रेस इन्टरनाशनल, २००३, पृ. ३५।

आधुनिक कानका लागि येशुका उपर्युक्त कथन अत्यन्त कठोर हुन सक्दछ। यदि तपाईंले बुझ्न सक्नुभयो भने के त्यो साँच्चिकै कठोर देखापर्दछ र? जब येशुले भन्नुभयो, "मरेको मानिसले आफूलाई नै गाडोस्" (लुका ९:६०) भन्दा के त्यो हुनेवाला चेलाको बाबु साँच्चिकै मरिसकेको थियो त? अर्थात् उसले यो भन्न खोजेको हो: "मेरो बाबुको मृत्य भएपछि र मैले अंश पाएपछि म तपाईंको पछि लाग्दछु"? अनि येशुले लुका १४:२६ मा उल्लेख गरेको अनुसार कोही पनि उहाँका चेला हुन सक्दैन अरे, "जसले आफ्ना बाबु र आमा, श्रीमती र छोराछोरीहरू, आफ्ना दाजुभाइ र दिदीबहिनीहरू र आफ्नो प्राणलाई तुच्छ ठान्दैन ।" अघिल्लो बुँदामा हेऱ्यौं कसरी येशुले भन्नुभएको कथनलाई मत्तीको समानान्तर परिच्छेदमा उहाँलाई भन्दा बेसी, आफ्ना आमाबाबु र श्रीमतीलाई माया गर्नु भनेको के हो भनेर स्पष्ट पार्न खोजेको छ (मत्ती १०:३७)। बाइबलमा घृणा गर्नु वा तुच्छ



समाजले पचाउन मुस्किल हुन सक्दछ। उहाँले भन्नुभयो, एउटै सर्तमा पत्नीलाई त्याग्ने अधिकार छ, त्यो हो, श्रीमान् र श्रीमती बीच विश्वासघात भएमा। ती बाहेक अरू कुनै कारणले पारपाचुके गरेमा व्यभिचार गरेको ठहरिनेछ (पद ८,९)। उहाँका ती वचनप्रति अति स्तव्ध भएर चेलाहरू यस्तो निश्कर्षमा पुग्दछन्: "त्यसोभए विवाह नगरी ब्रम्हचारी भएर बस्नु नै उत्तम छ।" (पद १०)। यो उनीहरूको निजी अभिमत थियो।

चेलाहरूले व्यक्त गरेका जिज्ञासाले येशुका धेरै कडा कथनहरूमा त्यस वचनले कस्तो बीचलन ल्याएको थियो भनेर देखाउँछ?

मत्ती १९:११,१२। कस्ता मानिसहरू येशुको कडा मूलधारमा आउन सक्दैनन् भनेर उहाँ भन्नुहुन्छ?

यसको अर्थ के ती चेलाहरूलाई मात्र विवाह गर्न छुट दिएको छ त? "केवल तिनीहरूले मात्र सक्छन् जसलाई यो दिएको छ" मा को समावेश भएको हुन्छ (पद ११)? यसको अर्थ के यस संसारमा विशेष जातका मानिसहरू हुन्छन् जो नैतिक वा यौनिक रूपमा सक्षम भएकाहरू हुन्छन् र तिनीहरू मात्र विवाह गर्न योग्य हुन्छन्? येशुको विचारमा नपुंसक को हो र किन उहाँले त्यसलाई उल्लेख गर्नुभयो? तीन जातका नपुंसकहरू के हुन्, कसरी तिनीहरूको व्याख्या गर्ने, र के यसमा हाम्रो केही सहभागिता हुन्छ? मानिसलाई धेरै किंकर्तव्यविमूढ तुल्याउने वचनलाई येशुले यसरी अन्त गर्नुहुन्छ: "जसले यो स्विकार गर्न सक्छ, त्यसले त्यो ग्रहण गरोस्।" (पद १२)। कतिपय

मानिसहरू सफल दाम्पत्य जीवन बिताउन कमजोर र असक्षम हुन्छन्। तिनीहरूले येशुको उच्चतम आदर्शलाई अपनाउन सहज ठान्दैनन्। आजको समाजमा घरगृहस्थीमा जुन बिकृति पैदा भइरहेका छन्, परिवारका सदस्यहरू कमजोर सम्बन्धको कारणले विस्थापित भइरहेका पाउँछौं, यी सबैलाई हेर्दा येशुले विवाह सम्बन्धी कुरालाई जुन अनुमोदन गर्नुभएको छ त्यसलाई तपाईंले के भन्नुहुन्छ? के येशुका उपर्युक्त पारपाचुके गर्नुपर्ने कारणमा समस्त कारणहरू समावेश भएका छन् र?

बाइबलमा लेखेका कतिपय बचनहरू बुझ्न मुस्किल छन् भनेर स्विकार्नु पर्दछ (२ पत्रुस ३:१६)। तर नबुझेको कुरामा अड्किरहनु भन्दा बुझेका कुरामा मध्य नजर राखेर अघि बढ्नु उत्तम हुन्छ भन्ने मनस्थिति, हाम्रा लागि लाभदायक नै हुन्छ।

**२. क्षमाशीलता र सदाशयताको बारेमा (मत्ती १८:२१,२२)**

येशु ख्रिष्ट, समग्र रूपमा क्षमाशीलताको प्रतिरूप हुनुहुन्छ भनेर अगाडिको पाठमा हेऱ्यौं। यस गम्भीर र सान्दर्भिक विषयमा हामी फेरि फर्कन चाहन्छौं किनभने येशुका उपर्युक्त क्षमाशीलताका बारेमा दिएका कथनहरू झट्ट हेर्दा सरल देखिए तापनि, त्यसलाई पालन गर्न त्यस्तो सहज छ र ? भन्ने जिज्ञासा सबैलाई हुन्छ। यस बुँदामा त्यसलाई केही हदसम्म बुझ्न कोसिस गर्नेछौं।

मत्ती १८:२१,२२ लाई चिन्तन गर्नुहोस्। येशुका लागि के अपराध हुन्छ भनेर यहाँ जनाइएको छ? येशुका कुराहरूले घरमा भइरहने घरेलु हिंसा र यौनशोषणलाई कसरी लक्षित गरेको पाउँछौं? येशुको दिमागमा के यस्ता घोर जघन्य अपराधहरूको चिन्तनले दुःखित हुनुभएको पाउँछौ, जस्तै, गर्भधारण गरेकी स्त्रीको भुँडी फोरेर निर्मम हत्या गरेर उनका बच्चालाई चोरेर लैजाने जस्ता घृणित अपराध जुन अमेरिकाको कानसास राज्यको मेभर्न भन्ने ठाँउमा सन् २००४ को डिसेम्बरमा भएको थियो? राजनीतिको नाउँमा मानिसहरूलाई झुटो आश्वासन दिएर अनेक आतङ्ककारी गतिविधिले उत्प्रेरित भएर हजारौं मानिसहरू, बालबच्चाहरू, असहाय महिलाहरूको निर्मम हत्यामा संलग्न हुने चलनलाई लक्षित गर्नुभएको हो? अर्थात् के येशुले दैनिक जीवनमा साधारण मानिसहरूमा साधारण भूल वा अपराधहरूका बारेमा लक्षित गर्नुभएको हो त? दैनिक जीवनमा हामीहरूले एक आपसमा अन्तर्क्रिया गर्दछौं तर त्यस समय कतिपटक यस्ता हुकुमहरू चलाउँछौं जसले गर्दा अरूको मनमा चोटपटक वा आघात पर्नसक्दछ, तर हाम्रो अपराधी मनले त्यसलाई सामान्य ठानेर अरूको संवेदनशीलतालाई बेवास्ता गर्दछौं, त्यसप्रति हामी सजग रहनुपर्छ भनेर के येशुले भन्न खोज्नु भएको हो? तपाईं के भन्नुहुन्छ?



गर्नु भन्नु भएको छ, किनभने परमेश्वरले धर्मी र अधर्मी दुवैलाई वर्षा पठाउनुहुन्छ। यसरी येशुले सबैलाई माया र दया देखाउने, र पक्षपात नगर्ने परम पिता परमेश्वर जस्तो हुनका लागि हामीलाई उत्साहित गर्नुहुन्छ। अब त बुझ्नु भयो होला सिद्ध हुनु भनेको के हो। यो निश्चय छ परमेश्वरले आफ्नो कार्यविधि निष्पक्ष रूपमा सदाशयता देखाएर संसारका मानिसहरू जो कोही हुन् माया गरेर सञ्चालन गर्नुहुन्छ, तर परमेश्वरको बरदान वा मायालाई उपभोग गर्ने अधिकार प्रत्येक व्यक्तिलाई सुम्पिनुभएको छ। हरेक मानिसलाई परमेश्वरको दिव्य दृष्टिले हेर्ने खुबीको चाहना हामीमा होस् भन्ने येशुको सदिच्छाबाहेक, यो भन्दा उच्चतम अनुकरणीय आदर्शको पिछा गर्नु येशु भक्तका लागि अरू के हुन सक्दछ र?

**५. परिवारप्रति जवाफदेहिता (युहन्ना १९:२५-२७)**

सन् १९९० मा एक युवतीले मतीभ्रष्ट भएका अतिवादी इसाईको रूप धारण गरेका डेभिड कोरेशको समूहमा आफूलाई सम्मिलित गराइन्। डेभिड जो भूतपूर्व सेभेन्थ डे एडभेन्टिस्ट चर्चबाट स्वेच्छाले बाहिरिएका थिए, उनी बाइबलका धुरन्धर ज्ञाता थिए र सम्पूर्ण बाइबललाई कण्ठ गरेका थिए, तर अतिवादी भएर स्थापित एस.डि.ए चर्चबाट अलगिएका थिए। त्यो समूह अमेरिकाको टेक्सास राज्यमा वाको भन्ने स्थानको एक वन्द पर्खालभित्र कम्पाउन्डमा रहन्थे। त्यहीं रहँदा त्यस युवतीकी आमा क्यानाडामा मरीन्। जब तिनले यो खवर पाइन्, तिनी आफ्नी आमाको अन्तिम संस्कारका लागि जान तयार गरिन्, तर त्यस छद्मभेषी चुम्वकीय प्रभाव भएका धर्मगुरु डेभिड कोरेशले उनको योजनालाई हस्तक्षेप गरे। समय र पैसा यस्तो सांसारिक कुरामा खर्च गर्नु आवश्यक छैन भनी उनले चित्त बुझाइदिए, किनभने कम्पाउन्ड भित्र आमालाई माया दिने भन्दा बढि आवश्यक कामहरू गर्नु थियो। जसको फलस्वरूप त्यस ढोंगीको छलमा परेर ती युवती आफ्नो घर कहिल्यै पनि फर्किनन्। अन्तमा सबैलाई यो ज्ञात भएको कुरा हो, डेभिड र उसका अनुयायीहरूलाई त्यहाँको सरकारले हस्तक्षेप गर्दा सामूहिक आत्महत्या गरेका थिए।

आफूहरूलाई सिद्ध सावित गर्न खोजेको पाउँछौं। लक्ष्य हासिल गर्न ती कुराहरू प्रशंसनीय हुनसक्दछन्। तर मत्ती ५ मा येशुले गर्नु भएको आह्वान के माथि उल्लेख गरेका कर्मकाण्ड हो त?

यहाँ बाइबलबाट दुई परिच्छेदहरू सँगसँगै प्रस्तुत गरिएको छ। त्यसमा येशुका भनाइलाई कसरी सूचित गरिएको छ र सन्तुलन गर्न खोजिएको छ? मत्ती १०:३४-३९ र लुका १४:२६,२७ मत्ती ७:७-११ र लुका ११:९-१३, मत्ती ५:४८ र लुका ६:३२-३६

लुका १४ मा उल्लिखित कठोर भनाइलाई मत्ती १० को समानान्तर अध्यायले शान्त पार्न खोजेको जस्तो देखिन्छ। किनभने हामीले यसमा येशुले यही भन्नुभएको हो भनेर बोध भएको ठानेका मात्र हौं भनेर देखाउन खोज्दछ। जब कि मत्ती ७ मा सिकाइएको प्रार्थनामा यो उल्लेख गरिएको छ, परमेश्वरसँग मागेमा असल बरदान वा चीज दिनुहुनेछ। (यसको अर्थ अनजानमा उहाँले भौतिक कुरालाई लक्ष्य बनाउनुभएको हो कि भन्ने जस्तो देखिन्छ)। तर लुकाले भौतिक चिज नभएर पवित्र आत्मा दिने बाचा गरिएको देखिन्छ (लुका ११:१३)- यसले येशुको उपर्युक्त भनाइलाई भिन्नै दृष्टिकोणबाट हेरेको देखिन्छ।

दोश्रो जोडीका पदहरूले पनि त्यस्तै किसिमको मिश्रण गरेको देखाउँछ। मत्तीले येशुको भनाइ, "त्यसकारण तिमीहरू सिद्ध होऊ" (मत्ती ५:४८) लाई लुकाले यसरी प्रस्तुत गरेको छः "तिमीहरू दयावान् होऊ" लुका ६:३६, जसले गर्दा दुवै प्रसङ्गलाई नियालेर हेर्दा येशुले भन्नुभएको अर्थ एउटै देखिन आउँछ। लुकाको प्रसङ्गमा हाम्रो बैरीलाई माया गर्नु र सापटी दिँदा फिर्ता पाउनुपर्छ भनेर अपेक्षा नगर्नू भनेको छ। हाम्रा यस्ता खालका कामले हामीहरू "सर्वोच्च परमेश्वरका सन्तान कहलाइनेछ किनभने उहाँ कृतघ्न र दुष्ट दुवैलाई दया देखाउनु हुन्छ" भनेर येशु भन्नुहुन्छ (पद३५)। यसको लगत्तै उहाँले यो व्यक्त गर्नुहुन्छः "दयावान् होऊ, जसरी तिम्रो परमेश्वर पिता पनि दयावान् हुनुहुन्छ" (पद ३६)। मत्तीले पनि त्यही अवस्थालाई समरूपता (उस्तै) दिएको पाउँछौं। सिद्ध होऊ भन्ने पद पछि शत्रुलाई माया गर्नु, जसले हामीलाई शोषण वा अन्यायपूर्वक व्यवहार गर्छ त्यसका लागि प्रार्थना



सञ्चार माध्यममा प्रख्यात भएकी गर्ल यक्स नाम गरेकी केटी सिकागोको अदालतमा ह्विलच्येरमा आएकी थिइन्। उनले आफ्नो शिर उठाएर, आँखालाई घुमाएर सबैका अगाडि सन् १९९७ को आक्रमणमा आफू कसरी गम्भीर रूपमा अपाङ्ग भएँ भनेर साक्षी बोकेकी थिइन्। उनी केवल १३ वर्षकी थिइन्। पाट्रिक स्काइक, वर्ष २९ को विरुद्ध साक्षी बोक्ने उनी, तीन जनामध्येकी एक जना थिइन्। त्यस पाट्रिकले उनलाई बलात्कार गरेर, मरणसान्न गरी कुटेका थिए र अन्तमा उनको मुख खोलेर साङ्लो मार्ने विष खुवाई दिएका थिए।"-माइक रबिन्सन, एसोसिएट प्रेस, वाशिङ्टन पोष्ट, मार्च २४, २००१, पृ. ए२२।

के यस्ता जघन्य अपराधीलाई पहिलो चोटि होइन, सात चोटि भयङ्कर अपराध गरे पनि उसको शिकार भएको व्यक्तिले क्षमा दिनुपर्दछ भनेर येशुले भन्नुभएको हो त? अर्थात् उहाँले त्यस्ता मानिसहरूलाई कहिल्यै पनि क्षमा दिनुहुन्न जो सैतानको अधीनमा रहेर मानिसकै भेषमा जघन्य अपराध गर्नबाट विमुक्त हुँदैन? येशुले स्पष्ट पार्नुभएको कुरा त हामीले क्षमा दिनुहुन्न भनेको होइन। तर त्यस्ता जघन्य अपराधी, दिमागलाई तहसनहस पार्ने पाशविक मानवको सेवा गर्नुपर्दा येशुको सदाशयी वचनलाई दुरुप्रयोग नगरून् भनी उहाँ चाहनुहुन्छ।

जब माथिका प्रश्नलाई ध्यानपूर्वक विचार गर्दा क्रुसमा येशुको अन्तिम वचनलाई ख्याल गर्नुहोस्ः "हे पिता, तिनीहरूलाई क्षमा दिनुहोस्, किनभने तिनीहरूले के गरिरहेका छन्, सो तिनीहरू आफैलाई थाहा छैन" लुका २३:३४। यदि येशुले आफूलाई वीभत्स रूपमा क्रुसमा टाँगिनेहरूलाई क्षमा दिनुहोस् भनेर पुकार गर्दछ भने (ती को हुन्, रोमी सिपाहीहरू? अतिवादी धर्मान्ध मूल पुरोहित केफास? पिलातुस? हेरोड राजा? धर्मसभाका मुख्य पुजारी र पदाधिकारीहरू? धर्मलाई जोगाउने निहुँमा अत्याचार र आतङ्क मच्चाउने पण्डितहरू?), के हामीले पनि हरेक अपराधीलाई क्षमा दिन सक्ने संयमताको अपेक्षा गर्नुहुँदैन र?

### ३. धनसम्पत्ति र दानका बारेमा (लुका १२:३२-३४)

एक दिन येशुकहाँ एक जना धनी जवान पदाधिकारी येशुको

पाउमा परेर अनुरोध गरेः "हे गुरु, स्वर्गको राज्यमा पस्न वा अजम्मरी जीवन पाउन मैले के गर्नुपर्दछ?" येशुले जवाफ दिनुभयोः "तिमीसँग भएको सबै बेच र गरिबहरूलाई बाँड " (लुका १८:२२) । येशुको यी उग्रसुधारवादी आदेशलाई हामी यसरी व्याख्या गर्दछौं, यो आदेश त्यस युवाको आवश्यकतालाई थाहापाएर र भविष्यमा उसको के गति हुनेछ भनेर जानेर नै उहाँका जवाफ उसलाई नै मात्र विशेष गरेर लक्षित गर्नुभएको हो। यहाँ ती शासक र मुक्तिको बीचमा एक ठूलो बाधक के हो भनेर येशुले स्पष्ट औंल्याउनुभएको पाउँछौंः ती हुन् धनसम्पत्ति। के यही आदेश सबैलाई लागू हुँदैन र? लुका १२:३३ मा येशुको आदेश त्यस धनी शासकलाई दिएको जस्तै सबैलाई लागू हुन्छ भनेर देखाउनु भएको पाउँछौंः"तिमीसँग भएका सम्पत्ति बेच र गरिबहरूमा बाँड। आफ्ना लागि कहिल्यै ननासिने धन थुपार, त्यो हो स्वर्गमा कहिल्यै पनि न्हास नहुने खजाना।

उहाँको यस वचनलाई हामीले कसरी बुझ्ने? कुन अर्थ लगाउने? के येशुले सबै देशका र सबै समयमा इसाईहरूले कमाउने सम्पत्तिमा रोक लगाउनुभएको हो त? यस आदेशलाई अक्षरशः उतार्दा कुन कुन व्यावहारिक समस्याहरू उत्पन्न हुन सक्दछन्? कुनै पनि इसाई समूह जसले आफ्नो सारा श्रीसम्पत्ति बेचेर गरिबहरूलाई दिएको छ भने, त्यस समूहको आर्थिक स्तर कस्तो होला? सो विचार गर्नु भएको छ? के येशुको अर्थ, गरिबलाई धनी बनाएर आफू मगन्ते हुनू भन्नुभएको हो? यस्तो अवस्थामा आफ्नो जीविका कसरी धान्ने? आफ्नै परिवारलाई कसरी हेर्ने? पावलले १ तिमोथी ५:८ मा यसरी लेखिएको छः "आफ्नो परिवारलाई हेर्न नसक्ने मानिस नास्तिक भन्दा पनि गएगुज्रेको छ।" यस पदलाई कसरी हेर्ने? अनि आफ्नो सीमाभन्दा बाहिर सुसमाचार फैलाउन र येशुको काममा प्रबन्ध मिलाउन कहाँबाट आर्थिक सहयोग जुटाउने? के आफूचाहिँ मगन्ते हुने अनि सधैं अरूको भरमा परजीवी भएर बस्ने? के इसाई, साधु भएर अरूसँग भिक्षा मागेर जीविका चलाउनु नैतिक उत्तमता वा सदाचारी गुण हो?

उपर्युक्त तर्कवितर्कलाई चिन्तनमनन गरेर, येशुको भावनालाई बङ्ग्याएर इसाईहरू नाङ्गा नहुनू भन्ने कुरामा सतर्क हुनुपर्दछ। येशुको



आफ्नै कार्यकालमा खासगरी के भएको थियो, सो नकार्नुहुन्न। येशुका सानो झुण्डमा केही रकमको सञ्चय भएको थियो, जसको जिम्मा यहुदालाई दिइएको थियो (युहन्ना १२:६, १३:२९)। दोश्रो कुरालाई हामीले सावधानीपूर्वक के हेर्नुपर्छ भने, प्रारम्भिक चर्चमा येशुका कथनलाई कसरी आफ्ना जीवनमा लागू गराए सो हेर्नुपर्दछ। प्रेरित ४:३२-३७ मा येशुका आदेशलाई स्वेच्छा र नियमित रूपमा पालन गर्न खोजेको पाउँछौं। फेरि तेश्रो कुरामा पनि मध्यनजर राख्नुपर्दछः प्रारम्भिक चर्चका लेखकहरू जस्तै पावल, युहन्ना, पत्रुस आदिहरूले श्री सम्पत्ति बेचेर येशुको पछि लाग्नुपर्छ भनेर निर्देशन दिएको पनि पाउँदैनौं। १ कोरन्थी ४:१२ मा त पावलले आफ्नै हातले मेहनत गरेर जीविका चलाएको थियो भनेर गर्व गरेको पाउँछौं।

माथिका तर्कहरूलाई विचार गर्दा, र खास गरी भन्ने हो भने सम्पूर्ण बाइबलमा मेहनतले कमाई गरेर धनोपार्जन गर्नु अपराध नमानेको हुनाले (दस आज्ञामा एक, त ६ दिनसम्म काम गर्नु भनेर नै दिएको छ) येशुले भन्नखोज्नु भएको पाउँछौं? लुका १२:३४ मा येशुका कथनमा के सारतत्त्व पाउनुभएको छ?

### ४. निर्दोष वा सिद्ध रहने भनेको के हो? मत्ती ५:४८

धेरै जसो मानिसका लागि येशुका अलमल कथनहरूमध्ये पहाडमा अर्तीवचन दिइरहने बेलामा बीचमा बोल्नुभएको एक अभिमत पनि होः "त्यसकारण सिद्ध होऊ, जसरी स्वर्गमा बस्नुहुने तिम्रो परमेश्वर पिता सिद्ध हुनुहुन्छ" (मत्ती ५:४८)। येशु ख्रिष्टले अपेक्षा गर्नुभएको आदर्श वा मापदण्ड भनेको सांसारिक, शारीरिक र सैतानमाथि पूर्ण तवरले विजय प्राप्त गर्नु भनेर औंल्याउनु भएको हो शताब्दीयौंदेखि विवेकशील र चेतनशील इसाईहरूले तर्क वितर्क गरेर त्यस भावनालाई व्यवहारमा ल्याउन संघर्ष गरिरहेको पाउँछौं। कसैले आफूलाई क्रुसमा टाँगेर हुन्छ कि, कोर्रले पिटेर हुन्छ कि, इसाई पवित्र स्थल मानेको स्थानहरूमा तीर्थ यात्रा गरेर हुन्छ कि, व्यवस्थाको हरेक नियमलाई कडाइ का कडाइसाथ पालन गरेर अतिवादी भएर हुन्छ कि, हसौं उपवास बसेर हुन्छ कि वा गुफामा बसेर ध्यान गरेर हुन्छ अदि गरेर